मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

(प्रशासन शाखा)

पत्र संख्याः२०८२।०८३
च.नं.: ३०५

मितिः २०८२।०४।२७

<u>विषयः- जानकारी सम्बन्धमा।</u>

**श्री मन्त्रालय/सचिवालय/आयोग/केन्द्र (सबै),**
**मधेश प्रदेश, जनकपुरधाम।**

प्रस्तुत विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाडौंको च.नं. MG/१७० मिति २०८२।०४।२१ को पत्र साथ संलग्न सोही कार्यालयको च.नं. MG/१३६ मिति २०८२।०४।१९ को **"संयुक्त उपक्रमका नाम प्रकाशन सम्बन्धी सूचना"** यसैसाथ संलग्न राखी जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ।

(बाशुदेव मल्ल)
उपसचिव

**बोधार्थः-**
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाडौं ।


email: cm.p2.gov.np@gmail.com /ocmcm@p2.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
केसरमहल, काठमाडौं, नेपाल

फोन नं. :- ९७७-०१-५९७१३०१
Email: - darta@ppmo.gov.np
Website: - www.ppmo.gov.np

प.सं.:- ०८२/८३ (खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)
च.नं.:- MG/960

दर्ता नं.: ५५४
मिति: २०८२/०४/२६
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मितिः२०८२/०४/२१

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, कोशी प्रदेश, विराटनगर,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, मधेश प्रदेश, जनकपुरधाम,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, बागमती प्रदेश, हेटौंडा,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, गण्डकी प्रदेश, पोखरा,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, लुम्बिनी प्रदेश, राप्ती उपत्यका,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, कर्णाली प्रदेश, वीरेन्द्रनगर,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, धनगढी ।

**विषयः सबै सार्वजनिक निकायहरूमा जानकारी गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयबाट च.नं. : MG।१३६, मिति २०८२।०४।१९ गते जारी भएको सूचना तहाँ प्रदेश सरकार अन्तर्गत सबै सार्वजनिक निकायहरूमा जानकारी गराउन वाञ्छनीय भएकोले तहाँबाट सहजीकरण गरी यस सूचना संलग्न राखी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) मा उल्लिखित तहाँ मातहतका सार्वजनिक निकायहरूलाई पत्राचार गरिदिनुहुन यस कार्यालयको मिति २०८२।०४।२१ गतेको (सचिवस्तर) निर्णयानुसार अनुरोध छ । उक्त सूचना यसै पत्रसाथ संलग्न छ ।

..............................४/२१
(अद्वैत राम भण्डारी)
इन्जिनियर

श्री प्रशासन शाखा
०८२/४/२६

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
केसरमहल, काठमाडौं, नेपाल

फोन नं. :- ९७७-०१-५९७१३०१
Email: - darta@ppmo.gov.np
Website: - www.ppmo.gov.np

प.सं.:- ०८२/८३ (खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)
च.नं.:- MG/१३६

मितिः२०८२/०४/१९

श्री सार्वजनिक निकायहरू,
सबै ।

## संयुक्त उपक्रमका नाम प्रकाशन सम्बन्धी सूचना

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद कारबाहीमा संलग्न हुने बोलपत्रदाता वा प्रस्तावदातालाई सार्वजनिक निकायले आशयको सूचना, खरिद सम्झौता गर्ने सूचना लगायत सूचना दिनुपर्ने व्यवस्था छ । यस सन्दर्भमा, दुई वा दुईभन्दा बढी कम्पनी वा फर्महरू बीच प्रचलित कानुन बमोजिम संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) भई खरिद कार्यमा सहभागी हुँदा खरिद प्रक्रियामा दिइने माथि उल्लिखित विभिन्न सूचनामा संयुक्त उपक्रमको संक्षिप्त नाममात्र प्रकाशित हुँदा अस्पष्टता र अन्योलता सृजना हुने देखिएकोले त्यस्ता सूचना प्रकाशन गर्दा संयुक्त उपक्रमका कम्पनीहरूको पूरा नाम स्पष्ट हुने गरी सूचना प्रकाशन गर्न यस कार्यालयको मिति २०८२।०४।१९ को (सचिवस्तर) निर्णयानुसार सबै सार्वजनिक निकायहरूमा अनुरोध छ ।

उदाहरणको लागि — "सार्वजनिक निकायले छोटकरीमा JNS-DNS-BNS JV उल्लेख गर्ने गरेको । यसबाट अन्य निर्माण कम्पनीसित समेत छोटकरी मिल्न जाँदा कतिपय बोलपत्र सम्बन्धी काम कारबाहीमा अन्योलता देखिएको । माथि उल्लिखित छोटकरीको नामसँग पूर्ण नाम JNS लाई Janakpur Nirman Sewa, DNS लाई Dharan Nirman Sewa र BNS लाई Birat Nirman Sewa - JV भनी स्पष्ट साथ उल्लेख गर्ने ।"

२०८२/०४/१९
(अद्वैत राम भण्डारी)
इन्जिनियर